// # नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, चैत २२ गते २०५५ साल (संख्या ५०

## भाग ३

श्री ५ को सरकार

## जनसंख्या तथा वातावरण मन्त्रालयको सूचना

### वातावरण संरक्षण (पहिलो संशोधन) नियमावली,२०५५

वातावरण संरक्षण नियमावली,२०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वातावरण संरक्षण ऐन,२०५३ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरुको नाम "वातावरण संरक्षण (पहिलो संशोधन) नियमावली,२०५५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

भए

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

...त्र सम्बन्धित प्रस्तावकलाई आफ्नो राय
... सकिनेछ । यसरी राय सुझाव दिनेले
...री सम्बन्धित निकायलाई समेत दिन

...म (२) बमोजिम प्राप्त राय
प्रस्तावकले सो प्रस्तावको
...गको के कस्तो क्षेत्रमा कस्तो
...ल्लेख गरी क्षेत्र निर्धारणको लागि
...य समक्ष निवेदन दिनु पर्नेछ ।
उपनियम (३) बमोजिम निवेदन प्राप्त
... सम्बन्धित निकायले निवेदनसाथ संलग्न
...न जाँचबुझ गरी क्षेत्र निर्धारण सम्बन्धमा
सहित सो निवेदन मन्त्रालयमा पठाउनु

(४) बमोजिम क्षेत्र
...वेदन प्राप्त भएमा
...थ संलग्न कागजात
संशोधित रुपमा क्षेत्र

...न: मूल नियमावलीको
...खिएको छ:-
...रण वा वातावरणीय
...सूची स्वीकृत गर्नु पर्ने:
...थ परीक्षण गर्नु पर्ने
...कले सोको प्रतिवेदनको
...को ढाँचामा कार्यसूची
...धित निकायबाट स्वीकृत

...ाय प्रभाव मूल्याकंन गर्नु
...कमा प्रस्तावकले सोको प्रतिवेदनको
...४ बमोजिम मन्त्रालयले निर्धारण गरेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्र समेतको आधारमा अनुसूची-४ बमोजिमको ढाँचामा कार्यसूची बनाई सो कार्यसूची मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

तर कुनै प्रस्तावकले वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने प्रस्तावको प्रतिवेदन तयारीको लागि नियम ४ बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची बनाई सम्बन्धित निकायको राय सहित मन्त्रालयमा एकै पटक पठाएमा मन्त्रालयले एकै पटक क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गरी दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कार्यसूची स्वीकृत गर्दा प्रस्तावको प्रकृति अनुसार सम्बन्धित निकाय वा मन्त्रालयले त्यस्तो कार्यसूचीलाई आवश्यकता अनुसार सामान्य हेरफेर वा परिमार्जन गर्न सक्नेछ ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधन: मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :-

"६. पुन: कारबाही गर्नु पर्ने :प्रस्तावकले यस नियमावली बमोजिम प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयार गरेकोमा ऐनको दफा ६ को उपदफा (२) बमोजिम सो प्रस्ताव साथ प्राप्त प्रतिवेदन जाँचबुझ गर्दा प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन समेत गर्नु पर्ने गरी सम्बन्धित निकायले ठहर गरेमा प्रस्तावकले वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गर्न पूरा गर्नुपर्ने यस नियमावली बमोजिमको सबै प्रक्रिया पूरा गर्नु पर्नेछ ।"

७. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ :-

"७. प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकनको लागि प्रतिवेदन तयार गर्ने: (१) प्रस्तावकले नियम ५ बमोजिम स्वीकृत भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यसूचीको आधारमा अनुसूची-५ बमोजिमको ढाँचामा प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची-६ बमोजिमको ढाँचामा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने गाउँ विकास समिति वा नगरपालिका तथा जिल्ला विकास समिति वा सरोकार राख्ने व्यक्ति वा संस्थालाई प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा पन्ध्र दिन भित्र लिखित राय सुझाव दिनको लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका, जिल्ला विकास समितिको कार्यालय, विद्यालय, अस्पताल र स्वास्थ्य केन्द्रमा सूचना टाँस गरी मुचुल्का तयार गर्नेछ र सोही बमोजिमको पन्ध्र दिने सूचना राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्रमा समेत प्रकाशन गर्नु पर्नेछ । यसरी सूचना प्रकाशन भएपछि सो सम्बन्धमा कुनै राय सुझाव प्राप्त हुन आएमा सो राय सुझाव समेतलाई प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

तर वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने गाउँ विकास समिति वा नगरपालिकाको ईलाकामा एक पटक प्रस्ताव बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्नेछ ।"

८. <u>मूल नियमावलीको नियम १० मा संशोधन:</u> मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१०. प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्ने: ऐनको दफा ५ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले नियम ७ बमोजिम तयार भएको प्रतिवेदनको पन्ध्र प्रति र सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश समेत संलग्न गरी उक्त प्रस्ताव स्वीकृतिका लागि सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।"

९. मूल नियमावलीको नियम ११ मा संशोधन: मूल नियमावलीको नियम ११ को, -

(१) उपनियम (१) मा रहेका "तीस दिन" भन्ने शव्दहरुको सट्टा "एक्काईस दिन" भन्ने शव्दहरु राखिएका छन् ।

(२) उपनियम (२) मा रहेको "मन्त्रालयले" भन्ने शव्द पछि "राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्रमा" भन्ने शव्दहरु थपिएका छन् ।

(३) उपनियम (३) मा रहेका "खुल्ला गरिएको अन्तिम मितिले"भन्ने शब्दहरुको सट्टा "पहिलो पटक प्रकाशन भएको" भन्ने शव्दहरु राखिएका छन् ।

(४) उपनियम (४) मा रहेको "उल्लेखनीय" भन्ने शव्द पछि "प्रतिकूल" भन्ने शब्द थपिएको छ ।

(५) उपनियम (५) मा रहेको "नब्बे दिन" भन्ने शव्दहरुको सट्टा "साठी दिन" भन्ने शब्दहरु राखिएका छन् ।

(६) उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छ:-

"(६) उपनियम (५) बमोजिमको म्यादभित्र विशेष कारण परी स्वीकृति दिन नसकेमा मन्त्रालयले उक्त समय समाप्त भएको मितिले तीस दिन भित्र प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिनेछ।"

१० मूल नियमावलीको नियम १४ मा संशोधन: मूल नियमावलीको नियम १४ मा रहेको "काम" भन्ने शव्दको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सट्टा "सेवा, वितरण वा उत्पादन"भन्ने शव्दहरु राखिएका छन् ।

११ मूल नियमावलीको नियम १६ मा संशोधन: मूल नियमावलीको नियम १६ को सट्टा देहायको नियम १६ राखिएको छ:-

"१६. अस्थायी वा स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र सम्वन्धी व्यवस्था: (१) अनुसूची-७ मा उल्लेख भए बमोजिमका हाल संचालन भई रहेका उद्योगले यो नियमावली प्रारम्भ भएको मितिले नव्बे दिन भित्र र यो नियमावली प्रारम्भ हुनु पूर्व दर्ता भई उत्पादन शुरु नभएका उद्योग वा यो नियमावली प्रारम्भ भएपछि दर्ता हुने उद्योगले उत्पादन शुरु गरेको मितिले साठी दिन भित्र सम्बन्धित उद्योगको विस्तृत विवरण उल्लेख गरी अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र लिन सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो निवेदन उपर जाँचबुझ गरी आवश्यकता अनुसार उद्योग संचालन हुने गाउँ विकास समिति वा नगरपालिकाको राय सुझाव समेत लिंदा त्यस्तो उद्योग संचालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखेमा वा त्यस्तो प्रभाव कम वा नियन्त्रण गर्न सकिने भएमा त्यस्तो निवेदन प्राप्त भएको मितिले नव्बे दिन भित्र निवेदकलाई एक वर्षको निमित्त अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र दिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ भएपछि दर्ता हुने उद्योगले नियम ४ बमोजिम क्षेत्र निर्धारण गर्ने सिलसिलामा वा नियम ७ बमोजिम प्रतिवेदन तयार गर्ने सिलसिलामा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको राय सुझाव प्राप्त


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिसकेको भए सम्बन्धित निकायले उपनियम (१) बमोजिम उद्योग संचालन गर्दा वातावरणमा पर्ने प्रभावको सम्बन्धमा पुनः गाउँ विकास समिति वा नगरपालिकाको राय सुझाव लिनु पर्ने छैन।

(३) नियम १५ बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगको ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहरमैला सम्बन्धी मापदण्ड तोकिएको रहेछ भने त्यस्ता उद्योगलाई यसरी मापदण्ड तोकिएको मितिले ६ महिना भित्र ऐनको दफा ११ बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाबाट परीक्षण गराई सम्बन्धित निकायले तीन वर्षको लागि स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपनियम (१) र (३) बमोजिम तोकिएको म्याद भित्र अस्थायी वा स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र वितरण गर्न नसकिएमा सम्बन्धित निकायले उक्त म्याद समाप्त भएको मितिले थप तीन महिना भित्र त्यस्तो प्रमाणपत्र दिन सक्नेछ।

(५) उपनियम (१) र (३) बमोजिम अस्थायी वा स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र दिंदा सम्बन्धित निकायले त्यस्ता उद्योगहरुले पालन गर्नु पर्ने गरी आवश्यकता अनुसार देहायका सबै वा कुनै शर्तहरु तोक्न सक्नेछः-

(क) प्रदूषण कम गर्न वा नियन्त्रण गर्न आवश्यक उपकरणहरु निर्धारित समयमा जडान गर्ने,

(ख) जडान भएका प्रदूषण नियन्त्रण उपकरणहरुको उचित प्रयोग गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) निर्धारित समयमा मात्र उद्योग संचालन गर्ने,

(घ) कुनै उद्योग हाता भित्र कुनै काम गरिएबाट प्रदूपण भएकोमा सो काम रोक्का गर्नको लागि खास उपायहरु अवलम्वन गर्ने,

(ङ) कुनै उद्योगको काम कारवाहीबाट उद्योग हाता बाहिर प्रदूपण भएमा सो काम कारवाहीलाई नियन्त्रण गर्नको लागि खास उपायहरु अवलम्वन गर्ने,

(च) अनुगमनको लागि आवश्यक पर्ने उपकरणहरु निश्चित समयमा उपलब्ध गराउने,

(छ) सम्बन्धित निकायले उद्योगको प्रकृति अनुसार आवश्यक सम्झी तोकिदिएका अन्य शर्त बमोजिमका काम गर्ने ।

(६) उपनियम (१) बमोजिमको अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र प्रत्येक एक वर्षमा र उपनियम (३) बमोजिमको स्थायी प्रदूपण नियन्त्रण प्रमाणपत्र प्रत्येक तीन वर्षमा नवीकरण गराउनु पर्नेछ।

(७) यस नियम बमोजिम पाएको अस्थायी वा स्थायी प्रदूपण नियन्त्रण प्रमाणपत्रमा उल्लिखित शर्तहरु सबैले देख्ने गरी उद्योग संचालन भएको ठाउँमा राख्नु पर्नेछ ।

(८) सम्बन्धित निकायले यस नियम बमोजिम प्रमाणपत्र पाएका उद्योगहरुको नामावली



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अद्यावधिक रुपमा राखी सो नामावली मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।"

१२. मूल नियमावलीको नियम १९ मा संशोधन: मूल नियमावलीको नियम १९ को उपनियम (१) मा रहेका "नियम १६ को उपनियम (२)" भन्ने शब्दहरुको सट्टा "नियम १६ को उपनियम (५)" भन्ने शब्दहरु राखिएका छन्।

१३. मूल नियमावलीको नियम २१ मा संशोधन: मूल नियमावलीको नियम २१ को सट्टा देहायको नियम २१ राखिएको छ:-

"२१. निरीक्षकको योग्यता: निरीक्षक पदमा नियुक्ति हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता निजामती सेवाको सम्बन्धित सेवा समूह सम्बन्धी नियमहरुमा उल्लेख भए बमोजिम हुनेछ ।"

१४ मूल नियमावलीको नियम ३१ मा संशोधन: मूल नियमावलीको नियम ३१ मा रहेका "कुनै जीवाणु" भन्ने शब्दहरुको सट्टा "कुनै जीव, जीवाणु" भन्ने शब्दहरु राखिएका छन् ।

१५. मूल नियमावलीको नियम ३२ मा संशोधन: मूल नियमावलीको नियम ३२ को ठाउँ ठाउँमा रहेका "कुनै जीवाणु" भन्ने शब्दहरुको सट्टा "कुनै जीव, जीवाणु" भन्ने शब्दहरु राखिएका छन ।

१६. मूल नियमावलीको नियम ३३ मा संशोधन: मूल नियमावलीको नियम ३३ मा रहेका "कुनै जीवाणु" भन्ने शब्दहरुको सट्टा "कुनै जीव, जीवाणु" भन्ने शब्दहरु राखिएका छन् ।

१७. मूल नियमावलीको नियम ५२ मा संशोधन: मूल नियमावलीको नियम ५२ को सट्टा देहायको नियम ५२ राखिएको छ :-

"५२. अधिकार प्रत्यायोजन: (१) मन्त्रालयले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार सम्बन्धित निकाय,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफू मातहतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) सम्बन्धित निकायले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार आफू मातहतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर सम्बन्धित निकायले मन्त्रालयमा आफ्नो राय पठाउने कुराको हकमा अधिकार प्रत्यायोजन गर्ने छैन ।"

१८. खारेजी: मूल नियमावलीको नियम ८ र ९ खारेज गरिएका छन् ।

१९. मूल नियमावलीको अनुसूचीहरुमा संशोधन: मूल नियमावलीको, -

(१) अनुसूची १ को, -

(क) खण्ड (आ) को सट्टा देहायको खण्ड (आ) राखिएको छ:-

"(आ) उद्योग क्षेत्र

(क)१. ब्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने तथा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी स्थापना गर्ने ।

२. दैनिक ५ लाख लिटरसम्म क्षमता भएको फर्मेन्टेसन सुविधायुक्त ब्रुअरी र वाईनरी स्थापना गर्ने ।

३. दैनिक १०० मे. टन सम्म उत्पादन क्षमता भएको एसिड, अल्काली र प्राथमिक रसायन उद्योगहरु स्थापना गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. दैनिक ५००० वर्ग फिट सम्म छाला प्रशोधन गर्ने ।
५. इलेक्ट्रो प्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग उद्योग स्थापना गर्ने ।
६. कर्किङ्ग, नेचुरल ग्याँस रिफिलिङ्ग, फिलिङ्ग, उत्पादन-वितरण गर्ने उद्योग स्थापना गर्ने ।
७. ढुंगा क्रसिङ्ग उद्योग स्थापना गर्ने।
८. रंग रोगन उद्योग स्थापना गर्ने ।
९. दुग्ध प्रशोधन उद्योग स्थापना गर्ने।
१०. ब्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
११. फोम उत्पादन उद्योग स्थापना गर्ने ।
१२. ड्राइ वा वेट सेल (व्याट्री) उत्पादन गर्ने उद्योग स्थापना गर्ने।
१३. दैनिक ३००० मे. टन सम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
१४. परम्परागत घरेलु उद्योग बाहेकका धागो कपडा रंगाई, छपाई वा धुलाई उद्योग (गलैंचा समेत) स्थापना गर्ने।
१५. परम्परागत घरेलु उद्योग बाहेकका दैनिक १०० मे. टन सम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।
१६. वार्षिक १ करोड गोटा सम्म उत्पादन क्षमता भएको इटा, टायल आदि उद्योग स्थापना गर्ने ।
१७. चुन ढुंगामा आधारित प्रतिघण्टा ३० मे. टन सम्म वा क्लिङ्करमा आधारित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिघण्टा ५० मे. टन सम्म उत्पादन क्षमता भएको सिमेन्ट उद्योग स्थापना गर्ने ।

१८. दैनिक ५० मे. टनसम्म चुन उत्पादन उद्योग स्थापना गर्ने ।

१९. औषधी उद्योग स्थापना गर्ने ।

२०. केमिकल फर्टिलाइजर (ब्लेण्डिङ्ग) तथा किटनाशक पदार्थ (ब्लेण्डिङ्ग) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२१. प्लाष्टिक उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थमा आधारित) उद्योग स्थापना गर्ने ।

२२. सलाई उद्योग स्थापना गर्ने ।

२३. अटो वर्कशप (२ पाँग्रे बाहेक) सम्वन्धी उद्योग स्थापना गर्ने ।

२४. कोइलावाट कोक, ब्रिकेट आदि उत्पादन तथा प्रशोधन उद्योग स्थापना गर्ने ।"

*(ख) कूल स्थिर पूँजी रु १० लाखभन्दा बढी लगानी हुने देहायका उद्योगहरु स्थापना गर्ने*

१. प्लाष्टिक प्रोसेसिङ्ग (खेर गएको पदार्थ प्रोसेस गर्ने बाहेक)।

२. टायर, ट्यूब्स र रबर प्रशोधन तथा उत्पादन ।

३. साबुन (डिटरजेन्ट, क्लिनिङ्ग स्याम्पू समेत)।

४. फोटो प्रोसेसिङ्ग ।

५. फाउण्ड्री ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. चुरोट, विडी, सूर्ती, पान मसला उत्पादन ।
७. पशु बधशाला ।
८. ग्लाँस (काँच) ।
९. खाद्य प्रशोधन ।
१०. धातुगत (रिमेल्टिङ्ग, रिरोलिङ्ग तथा फेव्रिकेशन समेत) ।
११. विटुमिन तथा विटुमिन इमल्सन।
१२. कोल्ड स्टोरेज ।
१३. धागो कताई ।
१४. वनस्पति घ्यू, तेल ।
१५. जडीबुटी प्रशोधन ।
१६. हाड, सिंग र खुरबाट विभिन्न वस्तु उत्पादन ।
१७. रोजिन टर्पेन्टाइन्न, भेनिएर तथा कत्था।
१८. माछामासु प्रशोधन ।
१९. प्याकेजिङ पदार्थ उत्पादन ।
२०. पशुपंक्षीको दाना ।
२१. मेशिन शप ।"

ख खण्ड (इ) को सट्टा देहायको खण्ड (इ) राखिएको छः-

(इ) खानी क्षेत्र :

(क) १०० जनासम्म जनसंख्या स्थायी बसोवास स्थानान्तरण वा पुनर्वास गरी खानी उत्खनन गर्ने ।

(ख) खुल्ला खानी वा भूमिगत खानीको हकमा:

(१) साना स्तरका धातु खनिजको उत्खनन गर्ने ।

(२) औद्योगिक प्रयोजनको लागि बर्गीकृत गरिएको औद्योगिक खनिज मध्ये



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

किम्मती पत्थर, अर्ध किम्मती पत्थर, अव्रेसिभ खनिज बाहेक अन्य साना स्तरका औद्योगिक खनिजको उत्खनन गर्ने ।

(३) साना स्तरका अधातु खनिजको उत्खनन गर्ने ।

(४) दैनिक ५० देखि १०० ग्रामसम्म क्षमताका औद्योगिक किम्मती, अर्ध किम्मती पत्थर तथा अव्रेसिभ खनिजको उत्खनन गर्ने ।

(५) साना स्तरका कोईला खानी स्थापना गर्ने ।

(६) साना स्तरका निर्माणमुखी खनिज पदार्थको उत्खनन गर्ने ।

(७) दैनिक ५० देखि १०० ग्रामसम्म क्षमता भएको अति बहुमूल्य, बहुमूल्य, किम्मती पत्थर, अर्ध किम्मती पत्थर खनिजको उत्खनन गर्ने ।

(८) अति साना तथा साना स्तरका प्राकृतिक ग्याँस उत्पादन गर्ने ।

(ग) अन्य खानीको हकमा :

१) नदी सतहवाट दैनिक १० देखि ५० घन मिटरसम्म बालुवा, ग्राभेल (गिर्खा) माटो निकाल्ने।

२) प्लेसर वा ड्रेजिङ तरिकावाट दैनिक ५० देखि १०० ग्रामसम्म बहुमूल्य, किम्मती, अर्ध किम्मती पत्थर खनिज निकाल्ने काम गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड (उ) को,-

(१) उपखण्ड १ मा रहेका "६६ के.भी." भन्ने शब्दहरुको अघि "३३ के.भी देखि" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपखण्ड ६ मा रहेको "१०० जना" भन्ने शब्दहरुको अघि "२५ जना देखि" भन्ने शव्दहरु थपिएका छन् ।

(घ) खण्ड (ओ) को उपखण्ड २ को देहाय (क), उपखण्ड ४ को देहाय (ङ) र (च) र उपखण्ड ५ झिकिएका छन् ।

(ङ) खण्ड (ओ) पछि देहाय बमोजिमको खण्ड (औ) थपिएको छ :-

"(औ) एक करोड रुपैयाँ देखि दश करोड रुपैयाँ सम्म लागत लाग्ने कुनै विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम संचालन गर्ने ।"

२ अनुसूची २ को, -

(क) खण्ड (आ) को सट्टा देहायको खण्ड (आ) राखिएको छ :-

"(आ) उद्योग क्षेत्र ।

१. दैनिक ५ लाख लिटर भन्दा वढी क्षमता भएको उमाल्ने तथा फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी स्थापना गर्ने ।

२. दैनिक ५ लाख लिटर भन्दा वढी उत्पादन क्षमता भएको फर्मेन्टेशन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुविधायुक्त ब्रुअरी तथा वाइनरी स्थापना गर्ने ।

३. दैनिक १०० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको कोरोसिभ, एसिड, अल्काली जस्ता प्राथमिक रसायन उत्पादन (साइट्रिक, टारटरिक, एसेटिक, एसिड जस्ता बाहेक) गर्ने ।

४. दैनिक ५००० वर्ग फिट भन्दा बढी छाला प्रशोधन गर्ने ।

५. वेल्डिङ्ग प्रक्रिया बाहेकको केमिकल फर्टिलाइजर, किटनाशक पदार्थ उत्पादन गर्ने ।

६. रु. ५ करोड भन्दा बढी स्थिर पूँजी लगानी हुने खानीमा आधारित उद्योग स्थापना गर्ने ।

७. पेट्रो रसायनिक उत्पादन तथा प्रशोधन (डिजेल, मट्टीतेल, लुब्रिकेन्टस, प्लाष्टिक, सिन्थेटिक रबर आदि) ।

८. फेरस तथा नन् फेरस (रिरोलिङ्ग, रिमेल्टिङ्ग र फेब्रिकेशन बाहेक) प्रारम्भिक स्मेल्टिङ्ग गरी धातु उत्पादन गर्ने ।

९. दैनिक ३००० मे. टन भन्दा बढी खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

१०. चुनढुंगामा आधारित प्रतिघण्टा ३० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको वा क्लिङ्करमा आधारित प्रतिघण्टा ५० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको सिमेन्ट उद्योग स्थापना गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. दैनिक ५० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको चुन उद्योग स्थापना गर्ने।

१२. एस्वेस्टस उत्पादन गर्ने ।

१३. रेडियो विकिरण निष्कासन हुने (न्यू क्लियर र एटोमिक प्रशोधन) उद्योग स्थापना गर्ने ।

१४. औपधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk drugs) उत्पादन गर्ने ।

१५. अति घातक (Extremely hazardous) पदार्थ जस्तै: आइसोसाइनाइट, मर्करी कम्पाउण्ड आदि उत्पादन गर्ने ।

१६. गोली गट्ठा, वारुद लगायतका विष्फोटक पदार्थ उत्पादन गर्ने ।

१७. दैनिक १०० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।

१८. वार्षिक १ करोड गोटा भन्दा बढी उत्पादन क्षमता भएको इटा टायल उद्योग स्थापना गर्ने ।

१९. हाडको रासायनिक प्रशोधन गर्ने।"

(ख) खण्ड (इ) को सट्टा देहायको खण्ड (इ) राखिएको छ:-

"(इ) <u>खानी क्षेत्र</u>

(क) खानी उत्खनन गर्नको लागि १०० जना भन्दा बढी जनसंख्या स्थायी बसोवास, स्थानान्तरण वा पुनर्वास गर्ने ।

(ख) मेन वाउण्ड्री थ्रोप्ट र सेन्ट्रल वाउण्ड्री थ्रोप्ट जोनमा पर्ने सबै

४६२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भूमिगत खानी कार्य गर्ने ।

(ग) खुल्ला खानी वा भूमिगत खानीको हकमा:

१. मझौला र ठूला धातु खनिज पदार्थ उत्खनन गर्ने ।
२. मझौला र ठूला अधातु खनिज पदार्थ उत्खनन गर्ने ।
३. औद्योगिक प्रयोजनको लागि बर्गीकृत गरिएको औद्योगिक खनिज मध्ये किम्मती पत्थर, अर्ध किम्मती पत्थर, अब्रेसिभ खनिज बाहेक अन्य मझौला तथा ठूला स्तरका औद्योगिक खनिजको उत्खनन गर्ने।
४. मझौला तथा ठूला स्तरका कोइला खानी उत्खनन गर्ने ।
५. मझौला तथा ठूला स्तरका निर्माणमुखी खनिज उत्खनन गर्ने।
६. दैनिक १०० ग्राम भन्दा बढी उत्पादन क्षमताको अति बहुमूल्य, बहुमूल्य, किम्मती, अर्ध किम्मती खनिज उत्खनन गर्ने ।
७. मझौला तथा ठूला प्राकृतिक ग्याँस उत्पादन गर्ने ।
८. जुनसुकै स्तरको रेडियोधर्मी खनिजको उत्खनन गर्ने ।
९. जुनसुकै स्तरको आस्वेसटस खनिजको उत्खनन गर्ने ।
१०. जुनसुकै स्तरको कच्चा तेल उत्खनन गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. दैनिक १०० ग्राम भन्दा वढी क्षमताको औद्योगिक किम्मती, अर्ध किम्मती पत्थर तथा अव्रेसिभ खनिज उत्खनन गर्ने।

(घ) अन्य खानीको हकमा :

(१) नदी नाला सतहवाट दैनिक ५० घन मिटर भन्दा वढी वालुवा, ग्राभेल (गिर्खा) र माटो निकाल्ने।

(२) प्लेसर र ड्रेजिङ प्रविधिवाट दैनिक १०० ग्राम भन्दा बढी बहुमूल्य र अर्ध बहुमूल्य खनिज निकाल्ने काम गर्ने।

(ग) खण्ड (ओ) को उपखण्ड २ को देहाय (क) झिकिएको छ।

(घ) खण्ड (अं) को उपखण्ड ८ झिकिएको छ।

(ङ) खण्ड (अं) पछि देहायको खण्ड (अः) थपिएको छ :-

"(अः) दश करोड रुपैयाँ भन्दा बढी लागत लाग्ने कुनै विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम संचालन गर्ने।"

(३) अनुसूची- ३ को खण्ड ६ झिकिएको छ।

(४) अनुसूची-७ को सट्टा देहायको अनुसूची-७ राखिएको छ :-

४५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-७

(नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

प्रदूषण नियन्त्रण प्रमाणपत्र लिनु पर्ने उद्योगहरु

१. ब्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने तथा उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी सम्बन्धी।
२. फर्मेन्टेसन सुविधायुक्त ब्रुअरी र वाईनरी सम्बन्धी ।
३. कोरोसिभ, एसिड, अल्काली जस्ता प्राथमिक रसायन उत्पादन सम्बन्धी (साइट्रिक, टारटरिक, एसेटिक, एसिड जस्ता वाहेक)।
४. छाला प्रशोधन गर्ने ।
५. इलेक्ट्रो प्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग सम्बन्धी ।
६. कुकिङ्ग, नेचुरल ग्याँस रिफिलिङ्ग, फिलिङ्ग, उत्पादन-वितरण गर्ने ।
७. ढुंगा क्रसिङ्ग सम्बन्धी ।
८. रंग रोगन सम्वन्धी ।
९. दुग्ध प्रशोधन सम्वन्धी ।
१०. ब्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस उत्पादन गर्ने ।
११. फोम उत्पादन सम्वन्धी ।
१२. ड्राइ वा वेट सेल (ब्याट्री) उत्पादन गर्ने ।
१३. खाँडसारी वा चिनी उत्पादन गर्ने ।
१४. परम्परागत घरेलु उद्योग बाहेकका धागो कपडा रंगाई, छपाई वा धुलाई (गलैंचा समेत) सम्वन्धी ।
१५. परम्परागत घरेलु उद्योग बाहेकका पल्प वा कागज सम्बन्धी ।
१६. इटा, टायल आदि सम्बन्धी ।
१७. चुन ढुंगा वा क्लिङ्करमा आधारित सिमेन्ट सम्वन्धी ।
१८. चुन उत्पादन सम्वन्धी ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. औषधी सम्बन्धी ।
२०. केमिकल फर्टिलाइजर (ब्लेण्डिङ्ग) तथा किट नाशक पदार्थ (ब्लेण्डिङ्ग) उत्पादन गर्ने ।
२१. प्लाष्टिक (खेर गएको प्लाष्टिकको कच्चा पदार्थमा आधारित) सम्बन्धी ।
२२. सलाई सम्बन्धी ।
२३. अटो वर्कशप (२ पाँग्रे बाहेक) सम्बन्धी ।
२४. कोइलाबाट कोक, ब्रिकेट आदि उत्पादन तथा प्रशोधन सम्बन्धी ।
२५. प्लाष्टिक प्रोसेसिङ्ग (खेर गएको पदार्थ प्रोसेस गर्ने बाहेक) सम्बन्धी ।
२६. टायर, ट्यूब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने ।
२७. साबुन (डिटरजेन्ट, क्लिनिङ्ग स्याम्पू समेत) सम्बन्धी ।
२८. फोटो प्रोसेसिङ्ग सम्बन्धी ।
२९. फाउण्ड्री सम्बन्धी ।
३०. चुरोट, विडी, सूर्ती, पान मसला उत्पादन गर्ने ।
३१. पशु बधशाला सम्बन्धी ।
३२. ग्लाँस (काँच) सम्बन्धी ।
३३. खाद्य प्रशोधन सम्बन्धी ।
३४. धातुगत (रिमेल्टिङ्ग, रिरोलिङ्ग तथा फेब्रिकेशन समेत) सम्बन्धी।
३५. विटुमिन तथा विटुमिन इमल्सन सम्बन्धी ।
३६. कोल्ड स्टोरेज सम्बन्धी ।
३७. धागो कताई सम्बन्धी ।
३८. वनस्पति घ्यू, तेल सम्बन्धी ।
३९. जडिबुटी प्रशोधन सम्बन्धी ।
४०. हाड, सिंग र खुरबाट विभिन्न वस्तु उत्पादन सम्बन्धी।
४१. रोजिन टर्पेन्टाइन, भेनिएर तथा कत्था सम्बन्धी।
४२. माछामासु प्रशोधन सम्बन्धी ।
४३. प्याकेजिङ पदार्थ उत्पादन सम्बन्धी ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४. पशुपंक्षीको दाना सम्बन्धी ।
४५. मेशिन शप सम्बन्धी ।
४६. वेल्डिङ्ग प्रक्रिया बाहेकको केमिकल फर्टिलाइजर, किटनाशक पदार्थ उत्पादन सम्बन्धी ।
४७. रु. ५ करोड भन्दा बढी स्थिर पूँजी लगानी हुने खानीमा आधारित उद्योग सम्बन्धी ।
४८. पेट्रो रसायनिक उत्पादन तथा प्रशोधन (डिजेल, मट्टीतेल, लुब्रिकेन्टस्, प्लाष्टिक, सिन्थेटिक रबर आदि उत्पादन गर्ने)
४९. फेरस तथा नन् फेरस (रिरोलिङ्ग, रिमेल्टिङ्ग र फेब्रिकेशन बाहेक) प्रारम्भिक स्मेल्टिङ्ग गरी धातु उत्पादन ।
५०. एस्वेस्टस उत्पादन गर्ने ।
५१. रेडियो विकिरण निष्कासन हुने (न्यू क्लियर र एटोमिक प्रशोधन) सम्बन्धी ।
५२. औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk drugs) उत्पादन गर्ने ।
५३. अति घातक (Extremely hazardous) पदार्थ जस्तै: आइसोसाइनाइट, मर्करी कम्पाउण्ड आदि सम्बन्धी ।
५४. गोली गट्ठा, बारुद लगायतका विष्फोटक पदार्थ उत्पादन गर्ने।
५५. हाडको रासायनिक प्रशोधन सम्बन्धी ।"

आज्ञाले,
वरुण प्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ३

## श्री ५ को सरकार

## सूचना तथा संचार मन्त्रालयको सूचना

### मुद्रणसम्बन्धी नियमहरू २०५५

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मुद्रण सम्वन्धी नियमहरु,२०५५" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरुमा -

(क) "विभाग" भन्नाले श्री ५ को सरकार, मुद्रण विभाग सम्झनु पर्छ ।

(ख) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

३. नेपाल राजपत्र लिलाम गर्न वा धुल्याउन सक्ने : महानिर्देशकले विभागमा रहेका नेपाल राजपत्रका जगेडा प्रतिहरु मध्ये विषयको प्रकृति हेरी आवश्यक नदेखिएका नेपाल राजपत्रहरु जुनसुकै समयमा र अन्य नेपाल राजपत्रहरु दशवर्ष पुगेपछि सम्वन्धित मन्त्रालयको स्वीकृति लिई प्रचलित कानून बमोजिम लिलाम गर्न वा धुल्याउन सक्नेछ ।

४. अतिरिक्त समय काम लगाउन सक्ने : (१) महानिर्देशकले आवश्यकतानुसार विभागका कर्मचारीहरुलाई अतिरिक्त समय काम लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै राजपत्र अनंकित कर्मचारीलाई अतिरिक्त समयमा काम लगाउंदा निजले कम्तीमा दुईघण्टा अतिरिक्त समय काम गरेमा मात्र वार्षिक विनियोजनको अधिनमा रही अतिरिक्त समय भत्ता दिइनेछ । सो भत्ता दिंदा कर्मचारीले एकदिनमा पाउने तलवको घण्टाको हिसावले काम गरेको बढी घण्टाको अतिरिक्त समय भत्ता पाउनेछ ।

तर अतिरिक्त समय काम गरेवापत निजले सट्टा विदा लिन चाहेमा त्यस्तो विदा लिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै राजपत्रांकित कर्मचारीलाई अतिरिक्त समयमा काममा लगाउंदा निजले कम्तीमा दुई घण्टा अतिरिक्त समय काम गरेमा प्रचलित कानून बमोजिम खाजा खर्च दिइनेछ । सो भन्दा वढी समय काम गरेमा खाना खर्च दिंदा सो को दर अर्थ मन्त्रालयवाट स्वीकृत गराएर मात्र दिन सकिनेछ ।

५. खारेजी : श्री ५ को सरकारको छापाखाना नियमहरु,२०३५ खारेज गरिएको छ ।

आज्ञाले,

श्रीराम पौडेल

श्री ५ को सरकारको सचिव

४६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम १ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी सो नियमावली मिति २०५६।१।१ देखि लागू हुने गरी तोकेको छ ।

आज्ञाले
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

460

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।